# आर्थिक वर्ष २०८०/०८१ को साउन - जेठ महिनासम्मको प्रगति विवरण

चौरजहारी नगरपालिका

**चौरजहारी नगरपालिका**
**रुकुम (पश्चिम)**

# आर्थिक वर्ष २०८०/०८१ को साउन – जेठ महिनासम्मको प्रतिवेदन

## १. परिचय

चौरजहारी नगरपालिका कर्णाली प्रदेश अन्तर्गत रुकुम पश्चिमको दक्षिण पश्चिम भागमा अवस्थित छ। साविकका विजयश्वरी, कोटजहारी, खोलागाउँ, नुवाकोट र पुर्तिमकाडाँ गाविस (केही भाग) एकीकृत भइ स्थानीय तह कार्यान्वनयका क्रममा हालको चौरजहारी नगरपालिका बनेको हो। कुल क्षेत्रफल १०७ वर्गकिलोमिटर रहेको यस नगरपालिकाको जनसङ्ख्या २९ हजार २५५ रहेको छ । पहाडी जिल्ला रुकुम (पश्चिम) मा अवस्थित यो चौरजहारी नगरपालिका आर्थिक एवम् पूर्वाधार विकासको दृष्टिकोणले प्रशस्त सम्भावना बोकेको छ। भौगोलिक बनावट र प्राकृतिक श्रोत साधनमा निकै अगाडि छ। चौरजहारी उपत्यकाको उर्वर फाँट, स्लोट ढुङ्गे खानीहरू र जहारीखोलाको किनारमा रहेका उर्वर खेतीयोग्य जमीन यस नगरपालिकाका महत्त्वका क्षेत्रहरू हुन्। विमानस्थल समेत रहेको यस नगरपालिका मध्यपहाडी राजमार्गका १० नयाँ सहरमध्येको एक हो। यसले पनि नगरपालिकाको विकास र उमुन्नतिका लागि उचित सम्भावना बोकेको छ। सांस्कृतिक धार्मिक एवम् जातीय विविधताबिच बलियो एकता रहेको यस नगरपालिकामा धार्मिक सहिष्णुता र सामाजिक सद्भावको अनुकरणीय उदाहरणका रुपमा लिन सकिन्छ। वडा नं. २ विजयश्वरी डाँडामा नगरपालिका केन्द्र रहेको छ। भेरी नदीको किनारमा अवस्थित चौरजहारी रुकुम, सल्यान, जाजरकोट र डोल्पाको मुख्य व्यापारिक केन्द्रको रुपमा समेत चौरजहारी नगरपालिका परिचित छ । नगरपालिकाको प्राथमिकतामा शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी रहेको छ। **"आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण: चौरजहारी नगरवासीको पहिचान"** भन्ने मुलनारालाई आत्मसात गर्दै चौरजहारी नगरपालिका सुशासन, विकास र समृद्धिको यात्रामा क्रियाशील छ।

सार्वजनिक निकायले गर्ने काम कारबाहीका सम्बन्धमा सार्वजनिक पदाधिकारी र सरोकारवाला निकायहरूबीच हुने प्रत्यक्ष अन्तरक्रियालाई सार्वजनिक सुनुवाइ भनिन्छ । सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाइ गरिन्छ । सार्वजनिक सुनुवाइलाई नागरिकको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक सुनुवाइले सुशासनको मान्यतालाई आत्मसात् गरेको हुन्छ।

सेवा प्रवाहको स्थितिलाई प्रभावकारी र गुणस्तरीय बनाइ सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवार बन्ने संस्कार बसाउन तथा नागरिकको सन्तुष्टिलाई मुखरित गर्न सार्वजनिक सुनुवाइ गरिन्छ । यसबाट सार्वजनिक सेवा थप जनमुखी पारदर्शी र छिटो छरितो हुनुका साथै सरकार र

चौरजहारी नगरपालिका

नागरिकबीचको सम्बन्ध पनि बलियो बनाउने उद्देश्यले चौरजहारी नगरपालिकाले सार्वजनिक सुनाइ कार्यक्रमको आयोजना गरेको हो ।

## २. उद्देश्य

- सूचनाको हकको कार्यान्वयन गर्न,
- सार्वजनिक निकायको उत्तरदायित्व र पारदर्शिता प्रवर्धन गर्न
- नागरिकप्रतिको जवाफदेहिता अभिवृद्धि गर्न
- सेवाप्रदायक र सेवाग्राहीबीचको सम्बन्धलाई समुधुर बनाउनू
- समग्रमा सुशासन अभिवृद्धिमा टेवा पुऱ्याउँनू ।

## ३. कार्यसम्पादन विवरण

### आर्थिक विकास

- धान र मकै बालीमा लागेको किरा नियन्त्रण गर्न जनशक्ति परिचालन गरिएको
- तरकारी मिनीकिट प्रत्येक वडामा ३५० जनाका दरले ४ हजार ९०० कृषक परिवारलाई वितरण गरिएको
- हिउँदे घाँसको बीउँ जै २२५ केजी र बर्सिम १५० केजी ३६ घरपरिवारलाई वितरण
- खोरेत रोगबाट बचाउन १० हजार गाईभैसीलाई खोप लगाइएको
- रेविजखोप कार्यक्रम अन्तर्गत २८५ कुकुरलाई खोप लगाइएको
- नियमित उपचार सेवा अन्तर्गत १५ हजार ४७६ पशुपंक्षीको उपचार
- पशुपालक कृषकहरूलाई ५० प्रतिशत अनुदानमा घाँस काट्ने मेसिन वितरण
- उद्योगी तथा वाणिज्य तर्फका व्यवासाय दर्ता तथा नवीकरणको काम सुरु गरिएको
- हालसम्म २४ वटा नयाँ दर्ता, ६५ वटा नवीकरण र ४ वटा खारेजी गरिएको
- चौरजहारी ११ मा कृषि मेला प्रदर्शनी कार्यक्रम सम्पन्न
- जहारीखोला आसपासमा ५५ रोपनी क्षेत्रफलमा चैते धान रोप्न परीक्षण गरिएको
- मालिका पर्यटन पूर्वाधार निर्माण प्रक्रियामा रहेको
- मालिका नाखिरा प्याराग्लाइडिङ सञ्चालनको लागि सफल परीक्षण गरिएको

चौरजहारी नगरपालिका

- उद्योग बोर्डमार्फत् कापी र गार्मेन्ट उद्योग सञ्चालन
- उपभोक्ता हित संरक्षण कार्यालयसँगको सहकार्यमा जुस बनाउने तालिम सञ्चालन गरिएको
- उपभोक्ता अधिकारको रक्षा गर्न बजार अनुगमन गरी कानुनी दायरमा ल्याउने कार्यलाई निरन्तरता दिइएको

## ४. सामाजिक विकास

### शिक्षा

- गैरजिम्मेवार रूपमा अनुपस्थित हुने शिक्षकहरूको तलब कट्टी गरिएको
- नवीनतम सूचना प्रविधिको उपयोगका लागि जनकल्याण मा.वि. सानाखोलामा ICT ल्याव स्थापना
- कक्षा ८ र कक्षा ५ लाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न आठ वटा परीक्षा केन्द्र तोकी फरक विद्यालयको शिक्षकलाई केन्द्राध्यक्षको जिम्मेवारी दिइ खटाइएको ।
- प्रधानाध्यापक, विव्यस र शिक्षक अभिभावक सङ्घका प्रतिनिधिसहित शैक्षिक सुधारका लागि छलफल र अन्तरक्रिया
- कक्षा ५ सम्मका ३ हजार ७६९ विद्यार्थीहरूका लागि नि:शुल्क ड्रेस र स्टेशनरी सामग्रीका लागि विद्यालयमा रकम निकासा ।
- निवर्तमान मुख्यमन्त्री र शिक्षा विद् जीतबहादुर शाहको समुपस्थितिमा शिक्षक उत्प्रेरणा जागृत कार्यक्रम सम्पन्न
- विद्यालय अनुमति पाएका र शिक्षक दरबन्दी नभएका विद्यालयमा १ सय १५ जना नगर शिक्षक तथा कर्मचारी परिचालन गरिएको ।
- शीतल माध्यमिक विद्यालयलाई प्रदेश नमुना विद्यालयका रूपमा छनोट गराउन सफल
- नियमित विद्यालय अनुगमन तथा सुपरीवेक्षण
- सबै सामुदायिक विद्यालयहरूमा इ हाजिरी जडान गरी पालिकाबाटै दैनिक हाजिरी निगरानीको व्यवस्था
- शैक्षिक सत्र २०८० को समीक्षा र २०८१ को लागि शिक्षक समक्षमता अभिवृद्धि योजना निर्माण गरिएको ।

खैरहनी नगरपालिका

- कक्षा ८ सम्म 'हाम्रो चौरजहारी' स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा लिइएको
- शैक्षिक क्रियाकलापमा एकरुपता कायम गर्न शैक्षिक क्यालेन्डर २०८१ निर्माण गरी सोबमोजिम कार्यान्वनय गरिएको ।
- एकीकृत पाठ्यक्रममा आधारित मूल्याङ्कनलाई व्यवस्थित गर्न मूल्याङ्कन सामग्री प्रदान गरिएको ।
- विद्यार्थीहरूको खेलकुद प्रतिभालाई प्रष्फुटन गर्न मेयर कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको ।

**स्वास्थ्य**

- १ हजार २८४ घरपरिवारलाई नि:शुल्क स्वास्थ्य बिमाका लागि आर्थिक सहायता प्रदान गरिएको ।
- स्वास्थ्य तथा सामाजिक विकास शाखाको वार्षिक कार्ययोजना बनाइ कार्यान्वयन गरिएको ।
- चौरजहारी नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूको वार्षिक समीक्षा गरी उत्कृष्ट स्वास्थ्य संस्थालाई सम्मान गरिएको
- आँखा जाँच शिविर सञ्चालन गरी १३२४ जनालाई आँखा जाँच गरी ६६ जनाको मोतिविन्दु अप्रेशन गरिएको,
- मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार ३३ जनालाई  उपचार खर्च प्रदान गरिएको ।
- चौरजहारी अस्पतालसँगको सहकार्यमा रक्त समूह पहिचान गरी अभिलेखीकरण गरिएको ।
- ब्लड बैङ्क स्थापना गरी सञ्चालन गरिएको
- विपन्न नागरिक औषधी उपचार १ लाखको लागि २० जनालाई सिफारिस गरिएको
- रेडक्रसको सहकार्यमा कमजोर आर्थिक अवस्थाका २० जना गर्भवती महिलालाई ८ हजारका दरले आर्थिक सहायता प्रदान

चौरजहारी नगरपालिका

- चौरजहारी नगरपालिका क्षेत्रभित्रका आँखा र कान सम्बन्धी समस्या भएका बिरामीहरूलाई स्वास्थ्य शिविर सञ्चालन गरिएको
- गर्भवती महिलाहरूलाई लक्षित गरी समुदाय स्तरमा पुगेर भिडियो एक्सरे सेवा प्रदान गरिएको
- चौरजहारीमा मेडिकल कलेज स्थापनाका लागि आवश्यक पहल गरिएको
- ५५ वर्ष माथिका नागरिकहरूको वस्ती तथा टोलमा पुगेर स्वास्थ्य परीक्षण गरिएको
- मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत सुत्केरी भएका महिलाहरूलाई घरमै गएर सेवा प्रदान गरिएको।
- स्वास्थ्यकर्मीहरूको विभिन्न विषयमा क्षमता विकास तालिम सञ्चालन गरिएको।
- महिला स्वास्थ्य स्वयंसेवीकाहरूको लागि दुई दिने बृहत् पोषण प्याकेज तालिम सञ्चालन गरिएको।
- नगर कार्यपालिकाको कार्यालयमा पोषण र वास कर्नर स्थापना

चौरजहारी नगरपालिका

## खानेपानी तथा सरसफाइ

- चौरजहारी नगरपालिका वडा नं. ३ मा फोहोर व्यवस्थापनका लागि डम्पिङ् क्षेत्र निर्माण कार्य भइरहेको।
- वडा नम्बर ६ -९ सम्म एक घर एक धाराका लागि भेरी मालिका लिफ्ट खानेपानी आयोजना सञ्चालनका लागि कार्यान्वयनको प्रक्रिया अगाडि बढेको।
- चौरजहारी नगरपालिकाको सरसफाइ योजना निर्माण गरिएको।

## संस्कृति प्रवर्धन

- विभिन्न मेलाहरूको संरक्षण तथा चाडपर्वमा जाँडरक्सी जुवातास लगायतका विकृतिजन्य क्रियाकलाप नगर्न / नगराउन निर्देशन गरिएको
- विभिन्न दिवसहरूको अवसरमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमहरू सञ्चालन गरिएको।
- अपाङ्गता दिवसको अवसरमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिएको

- सहिद परिवार सम्मान कार्यक्रम
- CMC नेपालको सहयोगमा मेलमिलापका लागि द्वन्द्व पीडित परिवारहरूका लागि सहभोज कार्यक्रम

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- प्रत्येक महिनाको ६ गते हुने अपाङ्गता परिचय पत्र वितरण कार्यक्रममा २३ जनालाई परिचयपत्र वितरण
- २८ जना जेष्ठ नागरिकहरूलाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको
- बैङ्क खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रमअन्तर्गत १४० जना छोरीहरूलाई कार्यक्रममा आवद्ध गरिएको ।
- बाल क्लव र बाल सञ्जाल गठन गरी क्षमता विकास सामग्री प्रदान तथा बाल विवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।
- धार्मिक गुरु र पण्डितहरूलाई वालविवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन
- माध्यमिक विद्यालयमा म बालविवाह विरुद्ध बोल्छु कार्यक्रम सञ्चालन

चौरजहारी नगरपालिका

## ५. पूर्वाधार विकास

**बहुवर्षीय ठेक्काहरू**

| क्र.स. | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | १५ शैया अस्पताल निर्माण वडा नं. ९ | १३ करोड ३१ लाख ५३ हजार |
| २ | मालिका पर्यटन निर्माण आयोजना | ६ लाख ४८ हजार ७७ हजार |

| | |
|---|---|
| जम्मा | १९ करोड ८० लाख ३० हजार |

- ५ लाख भन्दामाथि ५० लाखसम्मका योजनाहरू १४ वटा
- ५० लाखदेखि १ करोडसम्मका योजना ४ वटा
- १ करोड भन्दा माथिका योजनाहरू ४ वटा
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १६ मध्ये ५ वटा सम्पन्न भएको बाँकी अन्तिम चरणमा रहेको ।
- मुख्यमन्त्री रोजगार कार्यक्रमका १५ वटा योजनामध्ये ४ वटा सम्पन्न भइसकेको ।
- जहारीखोलामा वारपारको सहजताको लागि ऐराकेमा भुलुङ्गे पुल निर्माण कार्यको सम्झौता भइ कार्य प्रारम्भ गरिएको
- वर्षातका कारण भत्किएका चौरजहारी नगरपालिका क्षेत्रभित्रका सडकहरूको मर्मतगरी सञ्चालनमा ल्याइएको
- नाख्ला सौर्य पोखरी सडक सङ्क्षिप्त प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरी काम सञ्चालन भएको
- चन्द्रबजार जुम्लीपोखरी सडक स्तरोन्नती सडक निर्माणको काम भइरहेको
- नुवाकोट स्वास्थ्य चौकी भवन निर्माणको काम अन्तिम चरणमा रहेको
- वडा नं. १ मा सिंचाइ नहर निर्माण भएको
- वडा नं. १३ सिंचाइ कुलो निर्माण
- प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत विभिन्न ७ वटा सिंचाइ योजना निर्माण गरिएको
- सङ्घ सरकारसँगको सहकार्यमा चौरजहारी सुख्खा लिफ्ट खानेपानीमा सौर्य ऊर्जा जडान गरिएको
- अनुदानमा विद्युतीय चुलो वितरणका लागि प्रक्रिया अगाडि बढाइएको
- विद्युतीकरणका लागि आवश्यक पहल गरिएको

## ६. वन वातावरण तथा विपद् व्यवस्थापन

### २०८० कार्तिक १७ गतेको भूकम्पले पुर्‍याएको क्षति

चौरजहारी नगरपालिका




चौरजहारी नगरपालिका

| भूकम्पबाट क्षति भएका घरहरूको वडागत समष्टिगत विवरण | | |
|---|---|---|
| वडा नं. | | घर क्षतिको विवरण |

| | क्षति भएको घरपरिवार सङ्ख्या | पूर्ण क्षति भएका घरहरू | आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेको घरहरू | सामान्य चर्केका घरहरू | जम्मा क्षति भएका घरहरू |
|---|---|---|---|---|---|
| १ | ७४० | ३ | ५९२ | २६३ | ८५८ |
| २ | ३१६ | १ | १६८ | १८२ | ३५१ |
| ३ | ४१० | ३ | ३९८ | २२ | ४२३ |
| ४ | ५१५ | ३ | ५१९ | ८४ | ६०६ |
| ५ | ३८९ | ८ | ४११ | २६ | ४४५ |
| ६ | ५१९ | २७ | ४७४ | ९८ | ५९९ |
| ७ | ४३८ | १३ | ४२७ | १३ | ४५३ |
| ८ | ५१३ | ३५ | ४८६ | ६१ | ५८२ |
| ९ | ३५३ | १ | ४०१ | १९ | ४२१ |
| १० | ४६३ | ६ | ५६४ | ० | ५७० |
| ११ | ५१३ | ४४ | ४७५ | ४० | ५५९ |
| १२ | ५७८ | ६ | ६६० | १५ | ६८१ |
| १३ | ६९८ | २२ | ६७९ | ३ | ७०४ |
| १४ | ७९१ | २१ | ६४५ | ३९८ | १०६४ |
| **जम्मा** | **७२३६** | **१९३** | **६८९९** | **१२२४** | **८३१६** |

**२०८० का घाइतेहरूको शीघ्र उपचारको प्रबन्धका लागि एम्बुलेन्स**

**भूकम्प पीडितहरूको व्यवस्थापनमा गरिएको प्रयासहरू**

- घाइतेहरूको शीघ्र उपचारको प्रबन्धका लागि एम्बुलेन्स, स्कारपियो र नगरबसको प्रयोग गरी जानकारी प्राप्त भएको एक घण्टाभित्र सबै घाइतेहरूलाई अस्पताल पुऱ्याइएको,
- उद्धार तथा उपचारमा २५ जना नगर प्रहरी, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारी परिचालन भएको,
- जटिल अवस्थाका दुई जना घाइतेहरू निरज विष्ट र मनिषा घर्तीलाई अक्सिजनसहित स्वास्थ्यकर्मीका साथ प्रदेश अस्पताल सुर्खेत पठाएको
- जटिल अवस्थाका दुई जना घाइतेहरू बेदकुमारी मल्ल र शोभा अधिकारीलाई हेलिकप्टरमार्फत् थप उपचारका लागि सुर्खेत पठाइएको,
- त्रिपाल, खाद्यन्न लगायतका सामग्रीहरू राहत स्वरूप प्रदान गरिएको,
- घाइते २४ जनामध्ये १ जनाको मृत्यु र बाँकीको उपचारपछि अवस्था सामान्य रहेको
- सम्मानीय प्रधानमन्त्री, मन्त्री र सांसदज्यूहरूबाट चौरजहारी अस्पतालमा भर्ना भएका बिरामीहरूसँग भेट र स्वास्थ्य लाभको कामनाका लागि आवश्यक समन्वय गरिएको,
- हेलिकप्टरमार्फत् चौरजहारीमा अवतरण भएको डाक्टरहरूको टोली र औषधीलगायतका सामग्रीहरू छिमेकी पालिकासम्म पुऱ्याँउन आवश्यक व्यवस्था मिलाइएको।
- भूकम्प प्रभावितलाई पहिलो किस्ता वापत ६२७८ जनाको खातामा पहिलो किस्ताको रकम १५ करोड ६७ लाख निकासा गरिएको
- बाँकी १ हजार २०३ परिवारका लागि विपद् पोर्टलमा प्रविष्ट गरी निकासा दिने अन्तिम चरणमा रहेको

चौरजहारी नगरपालिका

## ७. सुशासन तथा संस्थागत विकास

- नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका कार्यालय र विद्यालयहरूमा नवीनतम विद्युतीय हाजिरी जडान गरी सञ्चालनमा ल्याइएको
- नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वन भएको
- नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका २१९ जना कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिएको
- सेवाग्राहीलाई सम्बन्धित शाखा र जिम्मेवार व्यक्तिसँगको सहज सम्पर्कको लागि नगर कार्यपालिकाको कार्यालयमा हेल्प डेस्कको स्थापना गरिएको
- सेवाग्राहीको सहजताका लागि हेल्प डेस्कमा नगर प्रहरीको व्यवस्था मिलाइएको

- गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था मिलाइएको
- अति आवश्कीय सेवाका लागि ९८५८०६७२११ नम्बरको कल सेन्टर
- सेवाग्राहीको सहजताका लागि नि:शुल्क फोटोकपी सेवाको व्यवस्था
- नगरपालिकाबाट सम्पादित क्रियाकलाप, सूचना, प्रगति प्रतिवेदन, विभिन्न निर्णय, वार्षिक बजेट तथा कार्यक्रम लगायतका नगरपालिकाको चिनारी समेत कार्यालयको वेवसाइटमा राखि पारदर्शितामा जोड दिएको
- आर्थिक ऐन अनुसार नगरपालिकाभित्रका व्यवसाय दर्ता तथा नवीकरण, गिट्टी, वालुवा र ढुङ्गा प्रयोग तथा अन्य ऐनअनुसारको राजश्व सङ्कलन गरी राजश्व परिचालन गरेको
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई पूर्ण रुपमा लागू गरिएको
- कर्मचारी, प्रधानाध्यापक र स्वास्थ्य संस्था प्रमुखहरूको कर्मचारी बैठक बसी छलफल गर्ने गरिएको
- डिजिटल नागरिक वडापत्र
- एकीकृत सेवा प्रवाह केन्द्र सञ्चालन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण
- हेल्प डेस्कबाट हालसम्म महिला २ हजार ८ सय र पुरुष ४ हजार ९ सय ७ गरी जम्मा ७ हजार ७ सय ७ जनाले सेवा लिएको
- नगरपालिकाबाट सम्पादित क्रियाकलाप, सूचना, प्रगति प्रतिवेदन, विभिन्न निर्णय, वार्षिक बजेट तथा कार्यक्रम लगायतका नगरपालिकाको चिनारी समेत कार्यालयको वेवसाइटमा राखि पारदर्शितामा जोड दिएको
- सेवाग्राही चेक बोकेर बैङ्क जानुपर्ने अवस्था अन्त्य गर्न EFT को पूर्ण कार्यान्वयन
- नगरपालिकाबाट प्रवाह गरिएको सेवाको सन्तुष्टि सर्वेक्षणका लागि सर्वेक्षण फाराम भर्ने र सोको आधारमा कार्यपालिकामा छलफल गरिएको
- चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन योजना तयार गरी कार्यान्विनमा रहेको
- वडा नम्बर ३ मा एकीकृत सामुदायिक भवन निर्माण तथा सडक डिभिजन कार्यालय स्थापनाका लागि नपुग हुन गएको जग्गा व्यवस्थापनका लागि जग्गा प्राप्ति ऐन २०३४ बमोजिम जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा रहेको।
- भू उपयोग ऐन र नियमावलीको मापदण्ड अनुसार भूवर्गीकरण गरिएको
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई पूर्ण रुपमा लागू गरिएको
- नगर विकास समिति गठन गरी ल्याण्ड पुलिङको कामलाई अगाडि बढाइएको

गौरादह नगरपालिका

- कर्मचारी, प्रधानाध्यापक र स्वास्थ्य संस्था प्रमुखहरूको नियमित कर्मचारी बैठक बसी छलफल गर्ने गरिएको ।
- अनुदान रकमको कार्यान्वयन प्रभावकारिता अध्ययन र सुझावका लागि नगर उपप्रमुखको संयोजकत्त्वमा सुझाव समिति गठन गरिएको
- नागरिकहरूको सहजताको लागि खोलागाउँ चौरजहारी मुसिकोट नगर बस सञ्चालनमा ल्याइएको
- वडा नम्बर ११, ६ र ९ का लेकाली बस्तीलाई लक्षित गरी जोगीनेटा चौरजहारी नगर बस सेवा विस्तार गरिएको
- नगरपालिका र सोअन्तर्गत रहने विभिन्न समितिहरू गठन गरिएको ।

## ८. रोजगार सेवा केन्द्र

- आर्थिक वर्ष २०८०/०८१ मा सुचिकृत भएका बेरोजगार सङ्ख्या ४ हजार ५९६
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगार दिने लक्ष्य ३००
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हाल सम्म प्राप्त रोजगारी सङ्ख्या २९४
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी दिने लक्ष्य २००
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट हाल सम्म प्राप्त रोजगारी सङ्ख्या १६०
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालन हुने जम्मा आयोजनाहरू ३२
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सञ्चालनमा रहेका आयोजनाहरू ३१
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सञ्चालन हुने आयोजनाहरू १४
- मुख्यमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सञ्चालनमा रहेका आयोजनाहरू १३

चौरजहारी नगरपालिका

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरूको कार्यान्वयन**

| क्र.स. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १ | घारीगाउँ शङ्खपीपल सिचाईं मुल नहरको सफाइ योजना | वडा नं. १ | २ लाख ४४ हजार |
| २ | शीतल  मा.वि.मा पैदल मार्ग निर्माण | वडा नं. २ | ५६ हजार ५४२ |
| ३ | टाटागाउँ पदमार्ग निर्माण | वडा नं. ३ | २ लाख ३७ हजार |
| ४ | श्री मालिका आ.वि. फिल्ड निर्माण | वडा नं. ४ | ३ लाख ५५ हजार |
| ५ | सिचाईं नहर सफाइ योजना | वडा नं. ५ | २ लाख २६ हजार |
| ६ | दमारा खानेपानी योजनामा पाइपलाइन खन्नेपुर्ने योजना | वडा नं. ६ | ४ लाख ११ हजार |
| ७ | औलघर सिचाई पोखरी मर्मत तथा चौतारी निर्माण | वडा नं. ७ | १ लाख ३७ हजार ६२१ |
| ८ | सिमलापाखा खानेपानी निर्माण | वडा नं. ८ | १ लाख ९४ हजार १३६ |
| ९ | न्याउलीबजार पिपलबोट चौतारी तथा फिल्ड निर्माण | वडा नं. ९ | १ लाख ६८ हजार ५५९ |
| १० | गारापानी मुहान संरक्षण योजना निर्माण | वडा नं. १० | १ लाख ५३ त्रिपन्न ६२३ |
| ११ | चन्द्रबजार माथि सर्केना जाने गोरेटो बाटो निर्माण | वडा नं. ११ | १ लाख ६५ हजार ३५८ |
| १२ | पुतली दोभान उल्लेरी घरेलडाँडा जोगिनेटा पैदलमार्ग निर्माण | वडा नं. १२ | २ लाख |
| १३ | घट्टेखोला सार्किबारा मा वि सानाखोला जोड्ने पदमार्ग | वडा नं. १३ | १ लाख ११ हजार ५१४ |
| १४ | दमदमे देउरालटाकुरा घुघुति रातामाटा पदमार्ग निर्माण | वडा नं. १३ | ३ लाख ६३ हजार ७८८ |

छत्रदेव गाउँपालिका

| क्र.स. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १५ | साक्चा बालविकास केन्द्र हुदै साक्चाखोला मा.वि सम्म घोरेटो बाटो निर्माण | वडा नं. १४ | २ लाख ५० हजार |
| १६ | नाउली पधेरा देखि नालेखोला हुदै भदालेखोला सम्म गोरेटो | वडा नं. १४ | २ लाख ६७ हजार ४११ |

**मुख्यमन्त्री रोजगार कार्यक्रम**

| क्र.स. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १ | केतुकारुख देवल ठोसा ढिक सम्म सिंचाई कुलो निर्माण | १ | १५ लाख |
| २ | जंगले बाटोको स्तरोन्नती निर्माण | २ | १५ लाख |
| ३ | कार्कीटोल खौचिने डाँडाटोल  मछयद्वारी मन्दिर सडक स्तर उन्नती | ३ | १५ लाख |
| ४ | टाटा-टाकुरा सालाडाँडा पदमार्ग | ४ | १५ लाख |
| ५ | साझा रुख  लहरेसिमल कामीगाउँ पैदल मार्ग निर्माण | ५ | १५ लाख |
| ६ | फारुला मालिका पदमार्ग | ६ | १५ लाख |
| ७ | छहरी खोला नार्जी बेलैनि सिचाई कुलो | ७ | १५ लाख |
| ८ | जनचेतना आ.वि. अंगेरी फिल्ड निर्माण | ८ | १५ लाख |

| क्र.स. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| ९ | माझमेला लेकनार्जी न्याउलीबजार गोरेटो बाटो निर्माण | ९ | १५ लाख |
| १० | आवि मानाकोट फिल्ड तथा घेरवार | १० | १५ लाख |
| ११ | चौफा नेप्टेकाँडा पैदल मार्ग निर्माण | ११ | १५ लाख |
| १२ | सुर्किमारे सौर्य खानेपानी एक घर एक धारा | १२ | १५ लाख |
| १२ | घुघुति ज्युला घारी सिचाई कुलो निर्माण | १३ | १५ लाख |
| १४ | कुमाख पातल अग्ला सल्ला वथानडाँडा पेदिखोला गोरेटो बाटो | १४ | १५ लाख |
| **जम्मा** | | | **२ करोड १० लाख** |

## ९. न्यायीक समिति

| क्र.स. | विवादको प्रकृती | दर्ता भएका | विवादको फछ्यौंट अवस्था |
|---|---|---|---|

| | | कूल विवादको संख्या | | | |
|---|---|---|---|---|---|
| | | | मेलमिलाप भएको | प्रक्रियामा रहेको | उपस्थित नभएको |
| १ | जग्गा/साँध सिमाना विवाद | ८ | ५ | ३ | ० |
| २ | लेनदेन | २० | ११ | ७ | २ |
| ३ | घरेलु हिंसा | २ | १ | १ | ० |
| ४ | चरीचरण/घाँस दाउरा | ५ | २ | ३ | ० |
| ५ | कुटपिट/लुटपिट/चोरी | २ | १ | १ | ० |
| ६ | आली/धुर/कुलो/ नालापानी/घाटको वाँडफाँड | ३ | १ | १ | १ |
| ७ | गाली बेईज्जती/चरित्र हत्या | ४ | २ | २ | ० |
| ८ | सार्वजनिक स्थल/सुविधामा बाधा | १ | ० | १ | ० |
| ९ | सम्बन्ध विच्छेद/पालनपोषण | ८ | ५ | ३ | ० |
| १० | अंशबण्डा | २ | १ | १ | ० |
| ११ | पारिश्रमिक/ज्याला मजदुरी | १२ | ५ | ५ | २ |
| १२ | जग्गा विवाद/ खाता रोक्का | १० | ४ | ५ | १ |
| १३ | अन्य (समिति विवाद/वन अतिक्रमण/चरिचरण) | २ | १ | १ | ० |
| जम्मा | | ७९ | ३९ | ३४ | ६ |

चौरजहारी नगरपालिका

## आन्तरिक राजश्वको प्रगति

| वडा | वार्षिक लक्ष्य | हालसम्मको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | १३ लाख ४ हजार ४८९ | १२ लाख ६४ हजार ७८४ | ९६.५ |
| २ | ७ लाख ८८ हजार ३१२ | ७२ लाख ६ हजार ५४५ | ९२.२ |
| ३ | ८ लाख ६ हजार ४०८ | ४ लाख ७४ हजार ६३७ | ५८.९ |
| ४ | ४ लाख २४ हजार ८६७ | १ लाख ९१ हजार ५६४ | ४५.१ |
| ५ | ४ लाख ३९ हजार ४९६ | १ लाख ५६ हजार ७९३ | ३५.७ |
| ६ | ३ लाख ९२ हजार ९५२ | २ लाख ९६ हजार ५३ | ७५.३ |
| ७ | ४ लाख ३९१ | ३ लाख १९ हजार ७६३ | ७९.९ |
| ८ | ७ लाख २ हजार ८९ | ६ लाख ७ हजार ६८८ | ८६.६ |
| ९ | ७ लाख ८६ हजार ५१८ | ७ लाख १५ हजार २६२ | ९०.९ |
| १० | ३ लाख ६६ हजार ६३८ | २ लाख ८६ हजार ५३४ | ७८.२ |
| ११ | ५ लाख २६ हजार ७२४ | ३ लाख १९ हजार ५१ | ६०.६ |
| १२ | २ लाख ८१ हजार ८२४ | ३ लाख ५२ हजार ७३१ | १२५.२ |
| १३ | ३ लाख ५३ हजार ४७३ | २ लाख २३ हजार ५३३ | ६३.२ |
| १४ | ६ लाख २५ हजार ५२८ | ५ लाख ३० हजार २७८ | ८४.८ |
| नगरपालिका कार्यालय | १ करोड ५० लाख २९२ | १ करोड ७८ लाख ९२ हजार ३४४ | ११९.३ |
| **जम्मा** | **२ करोड ३२ लाख** | **२ करोड ४३ लाख ५७ हजार ४६३** | **१०५.०** |

चौरजहारी नगरपालिका

## आम्दानी विवरण

| क्र.स. | समग्र आय अनुमान | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| १ | ५९ करोड ९८ लाख ७६ हजार | ४७ करोड ६१ लाख ४ हजार | ७९.३६ |

## खर्च विवरण चालु र पुँजीगत सञ्चित कोषतर्फ

| शीर्षक | विनियोजन | खर्च | वास्तविक |
|---|---|---|---|
| चालु | ४२ करोड ७१ लाख १८ हजार | ३१ करोड १७ लाख २२ हजार | ७२.९८ |
| पुँजीगत | १७ करोड २७ लाख ५७ हजार | ५ करोड ८१ लाख २२ हजार | ३३.६४ |
| सामाजिक सुरक्षा | ११ करोड ६६ लाख २८ हजार | ८ करोड ७३ लाख ३५ हजार | २३.९१ |
| **जम्मा** | **७१ करोड ६५ लाख ३ हजार** | **४० करोड ४८ लाख ६९ हजार २००** | **७४.८९** |

**धन्यवाद !**